गोसाईकुण्ड गाउँपालिका रसुवा

स्थानीय राजपत्र

खण्डः- ०९ संख्याः- ०१ मितिः- २०८३/०४/०१

भाग- १

# गोसाईकुण्ड गाउँपालिकाको आर्थिक ऐन,२०८३

सभाबाट स्वीकृत मितिः-२०८३।०३।१०

**प्रस्तावनाः** गोसाईकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम गोसाईकुण्ड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस ऐनको नाम "गोसाईकुण्ड गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

२. यो ऐन २०८३ साल श्रावण १ गतेदेखि गोसाईकुण्ड गाउँपालिकाको क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पत्ति तथा भूमीकरः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रभित्र अनुसूची (१) बमोजिमको दरमा बार्षिक सम्पत्ति तथा भूमिकर कर लगाइने र असुल गरिनेछ ।

**३. घर वहाल करः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची (२) बमोजिमको दरमा घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ।

**४. व्यवसाय करः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रभित्र गरेको व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवार समेतको आधारमा अनुसूची (३) बमोजिमको दरमा बार्षिक व्यवसाय कर लगाइने र असुल गरिनेछ ।

**५. जडिबुटी, कवाडी र जीवजन्तु करः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु

वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-३(क) मा तोकिए बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

६. **पर्यटन शुल्कः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रभित्र चिडियाखाना, उद्यान, पार्क ऐतिहासिक तथा पुरातात्विक सम्पदा र संग्रहालय जस्ता सम्पदा उपयोगको प्रवेश शुल्क गाउँपालिकाले निर्धारण गरे बमोजिम दरमा सङ्कलन गरिनेछ ।

७. **सवारी साधन (साना सवारी) करः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रमा चल्ने टाङ्गा, रिक्सा, अटो-रिक्सा र ई- रिक्सा जस्ता सवारी साधनको कर गाउँपालिकाले निर्धारण गरेको दरमा सङ्कलन गरिनेछ ।

८. **विज्ञापन करः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रभित्र राखिने होर्डिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राईभिजन बोर्ड, ग्लोब्लोड, स्टल, भिडियो बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरङ्ग प्रयोग गरिएको प्रचारको लागि राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा अनुसूची (४) बमोजिमको दरमा कर लगाइने र उठाइनेछ । यस्तो कर समयमा असुल उपर नभएमा बागमती प्रदेशको कानून बमोजिम व्याज समेत असुल उपर गरिनेछ । यसरी सङ्कलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ ।

९. **मनोरञ्जन करः** आ.व. २०८३/०८४ मा यस गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रमा चलचित्र घर, भिडियो घर, सांस्कृतिक प्रदर्शन हल, कन्सर्ट, दोहोरी साँझ, नाट्यघर, फन पार्क, वाटर गार्डेन, बाल उद्यान, डान्स बार, क्यासिनो, फूटसल, नाइट क्लब जस्ता मनोरञ्जन स्थलमा बागमती प्रदेशले तोकेको दरमा कर लगाइने र असुल उपर गरिनेछ । यस्तो करको प्रशासन र ब्याजको दर बागमती प्रदेश कानून अनुसार हुनेछ । यसरी सङ्कलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ ।

१०. **पार्किङ शुल्कः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधन पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (५) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. **सेवा शुल्कः** आ.व.२०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिकाले आफ्नो क्षेत्रभित्र केबलकार, ट्रेक्रिङ, कायाकिङ, बञ्जी जम्पिङ, जिप फ्लायर र -याफ्टिङ सेवा, प्याराग्लाईडिङ् लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकूद सम्बन्धी सेवा व्यवसायमा गाउँपालिकाले तोकेको दरमा शुल्क लगाइने र असुल उपर गरिनेछ । गोसाईकुण्ड गाउँपालिकाले निर्माण सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरे वापत र यस पालिकाका विभिन्न पर्यटकीय स्थलहरुलाई सरसफाई गर्न सम्बन्धित सेवाग्राहीलाई अनुसूची-६ मा तोकिएको दरमा शुल्क तथा पर्यटन सरसफाई शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१२. **बहाल बिटौरी शुल्कः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसल वा सरकारी जग्गामा बनेको संरचनाको उपयोग वापत गाउँ कार्यपालिकाले बार्षिक प्रति वर्ग फिट तीन रुपैयाँका दरले बहाल बिटौरी शुल्क लगाइने र असुल गरिनेछ ।

**१३. ढुङ्गा, गिट्टी, बालुवा, दहहत्तर बहत्तर शुल्कः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिका रसुवाको क्षेत्रभित्र माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुन ढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तर बहत्तर संकलनमा गोसाईकुण्ड गाउँपालिकाले निर्णय गरी बागमती प्रदेशले तोकेको दरमा शुल्क लगाइने र असुल उपर गरिनेछ। उल्लेखित सामाग्रीको विक्री मूल्य प्रचलित कानून बमोजिम गाउँ कार्यपालिकाले निर्णय गरी तोक्न सक्नेछ । यसरी सङ्कलित रकमको बाँडफाँड प्रदेश कानून अनुसार हुनेछ ।

**१४. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै किसिमको कर छुट दिइने छैन ।

**१५. कर शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी आवश्यक कार्यविधि गोसाईकुण्ड गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१६. जरिवानाः** आ.व. २०८३/०८४ मा गोसाईकुण्ड गाउँपालिकामा कर शुल्क, दस्तुर बुझाउनु पर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायले यस ऐन बमोजिम तोकिएको कर शुल्क र दस्तुर नबुझाएमा वार्षिक दश प्रतिशतका दरले जरिवाना लगाई कर सङ्कलन गरिनेछ ।

## अनुसूची १
**(दफा २ सँग सम्बन्धित)**

**सम्पत्ति तथा भूमिकरको दर**

**१. सम्पत्ति कर (घर, भवन तथा त्यसले चर्चेको जग्गा/ घडेरीको मात्र)**

क) पासाङल्हामु राजमार्गसँग जोडिएको भूभागको लागि

- घडेरी प्रति आना रु. ६० मात्र
- पक्की घर प्रति वर्ग फिट वार्षिक २० पैसा मात्र ।

ख) सहायक सडकसँग जोडिएको भूभागको लागि

- घडेरी प्रति आना रु. ४० मात्र
- पक्की घर प्रति वर्ग फिट वार्षिक १५ पैसा मात्र

ग) अन्य स्थानको लागि

- घडेरी प्रति आना रु. २०/ मात्र
- पक्की घर प्रति वर्ग फिट वार्षिक १० पैसा मात्र

**२. भूमीकर तर्फ (घर, भवन तथा त्यसले चर्चेको जग्गा बाहेकको थप जग्गा जमिनमा)**

१. पासाङल्हामु राजमार्गसँग जोडिएको जग्गा प्रति रोपनी रु. २० मात्र ।

२. सहायक सडकसँग जोडिएका जग्गा प्रति रोपनी रु. १० मात्र ।

३. अन्य जग्गा प्रति रोपनी रु. ५ मात्र ।

३. कच्ची घरको हकमा घडेरी समेतमा भूमीकर लगाईनेछ ।

४. आठ आना सम्मको जग्गामा सम्पत्तिकर र सो भन्दा बढी जग्गामा भूमीकर लाग्नेछ ।

## अनुसूची २
**(दफा ३ सँग सम्बन्धित)**
**वाहल करको दर**

| क्र.सं. | विवरण | दर प्रतिशत |
|---|---|---|
| १ | भवन, घर, पसल, ग्यारेज, टहरा, छप्पर, जग्गा वा पोखरी भाडामा लगाए वापत वहालमा लाग्नरवहाल कर | १० प्रतिशत |

## अनुसूची ३
**(दफा-४ सँग सम्बन्धित)**
**व्यवसाय करको दर**

| क्र.सं. | व्यवसायको विवरण | | दर रु. |
|---|---|---|---|
| १ | सामान्य व्यापार व्यवसाय | एक लाख रुपैंयासम्मको पूँजीमा | १००० |
| | | पाँच लाख रुपैंया सम्मको पूँजीमा | २००० |
| | | नविकरण (सवै) | ५०० |
| २ | स्नुकर तथा पुल हाउस | | १००० |
| ३ | पेन्टर, साइनबोर्ड लेख्ने | | १२०० |
| ४ | निर्माण व्यवसाय | | ३००० |
| ५ | उत्पादनमूलक उद्योग | ग्रील उद्योग | १५०० |
| | | सिरक र डसना उद्योग | १००० |
| ६ | होटल, लज, रेष्टुरेन्ट | होटल र लज | ३००० |
| | | भोजनालय | १२०० |
| | | मिठाई पसल | १२०० |
| | | खाजा पसल | १२०० |
| | | चिया पसल | ६०० |
| ७ | सेवा उद्योग | एफ.एम. प्रसारण | १००० |

| | | | |
|---|---|---|---|
| | | केवुल च्यानल प्रशारण / डिस होम | १५०० |
| | | फोटोकपी, पि.सि.ओ., साइबर क्याफे | १२०० |
| | | कुरियर | ६०० |
| ८ | वितीय क्षेत्र | "क" वर्गको बैंक प्रति शाखा | १५००० |
| | | "ख" वर्गको बैंक प्रति शाखा | १०००० |
| | | "ग" वर्गको बैंक प्रति शाखा | ५००० |
| | | "घ" वर्गको बैंक प्रति शाखा | २००० |
| | | बचत तथा ऋण सहकारी संस्था | १००० |
| | | मनी ट्रान्सफर | १२०० |
| | | लघु वित्त | १००० |
| | | इन्सोरेन्स कम्पनी | १००० |
| ९ | निजी स्वास्थ्य संस्था तथा विद्यालयहरू | क्लिनिक,ल्याब तथा औषधी पसल | १२०० |
| | | माध्यमिक विद्यालय | २००० |
| | | आधारभुत विद्यालय | १२०० |
| | | प्राथमिक बिद्यालय | ६०० |
| | | छात्रावास | १२०० |
| १० | मर्मत सम्भार | टायर ट्युव मर्मत, रिसोलिङ, हावा भर्ने | ६०० |
| | | टि.भि., फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी, जेनेरेट, कम्प्युटर, मोवाइल (ईलेक्ट्रोनिक) | १२०० |
| | | मोटरसाईकल मर्मत | १२०० |
| | | बस, ट्याक्सी लगायतका सवारी साधन मर्मत | २००० |
| ११ | ड्राइक्लिनिक, व्युटी पार्लर तथा सैलुन | | ५०० |
| १२ | गैर सरकारी संस्थाहरू | राष्ट्रिय | ३००० |
| | | अन्तर्राष्ट्रिय | ६००० |

## अनुसूची ३ क

**(दफा ५ सँग सम्बन्धित)**

**जडीबुटी, कवाडी र जीवजन्तु करको दर**

| **क्र.स.** | **विवरण** | **दर** प्रति केजी रु. |
| --- | --- | --- |
| १ | उन, खोटो, वनकस, जडीवुटी | ५ |
| २ | हाड, सिङ, प्वाँख, छाला | २ |
| ३ | कवाडी मालसामान | २ |
| | | |

## अनुसूची ४

**(दफा ८ सँग सम्बन्धित)**

**विज्ञापन करको दर**

| **क्र.स.** | **विवरण** | **दर** प्रति वर्ग फिट रु. |
| --- | --- | --- |
| १ | होर्डिङ वोर्ड, लगायतका बोर्ड, फ्रेम विद्युतीय तरंग प्रयोग गरिएको प्रचार | १०० |
| २ | व्यानर, भित्ते लेखन | ५० |

## अनुसूची ५

**(दफा १० सँग सम्बन्धित)**

**पार्किङ शुल्कको दर**

| **क्र.सं.** | **विवरण** | **दर** |
| --- | --- | --- |
| १ | हेभी गाडी, वस, ट्रक, लरी, ट्रयाक्टर | प्रति दिन रु.२००/-, प्रति घन्टा रु. ३५/- |
| २ | जीप कार | प्रति दिन रु. १००/-, प्रति घण्टा रु. २५/- |
| ३ | मोटरसाईकल | प्रति दिन रु. ५०/-, प्रति घण्टा रु. ५/- |
| ४ | जथाभावी पार्किङ गरे वापतको जरिवाना | प्रत्येक पटक रु. २००/- |

**अनुसूची ६**

**(दफा ११ सँग सम्बन्धित)**

**सेवा शुल्क दस्तुरको दर**

| **क्र.स.** | **सेवाको विवरण** | | **शुल्क दर रु.** |
|---|---|---|---|
| १ | घरजग्गा नामसारी सिफारिस | ५ रोपनी सम्म | १०० |
| | | ५ रोपनी देखि १० रोपनी सम्म | १५० |
| | | १० रोपनी देखि २० रोपनी सम्म | ३०० |
| | | २० रोपनी देखि ५० रोपनी सम्म | ५०० |
| | | ५० रोपनी भन्दा माथि | १००० |
| २ | घर/नक्सा नामासारी | | १००० |
| ३ | मोही लगत कट्टा सिफारिस | १ रोपनी सम्म | २०० |
| | | १ रोपनी भन्दा माथि | ३०० |
| ४ | घर कायम सिफारिस | सडकले छोएको पक्की घर | ५०० |
| | | सडकले नछोएको पक्की घर | ३०० |
| | | सडकले छोएको कच्ची घर | २०० |
| | | सडकले नछोएको कच्ची घर | १०० |
| ५ | सर्जमिन सिफारिस दस्तुर | | २०० |
| ६ | छात्रवृति सिफारिस | | १०० |
| ७ | विपन्न र असहाय विद्यार्थी छात्रवृति सिफारिस | | नि:शुल्क |
| ८ | अपाङ्गता भएको सिफारिस | | नि:शुल्क |
| ९ | अस्थाई बसोबास सिफारिस | | २०० |
| १० | स्थायी बसोबास | | ५०० |
| १० | नागरिकता सिफारिस | बंशज | नि:शुल्क |
| | | अंगिकृत | २०० |
| ११ | विद्युत जडान सिफारिस | | २०० |
| १२ | धारा जडान सिफारिस | | २०० |
| १३ | जिवित रहेको सिफारिस | | २०० |
| १४ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक संशोधन सिफारिस | | २०० |
| १५ | व्यवसाय बन्द सिफारिस | | ५०० |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारिस | | २०० |
| १७ | व्यापार व्यवसाय नभएको सिफारिस | | २०० |

| | | | |
|---|---|---|---|
| १८ | कोर्ट फी मिनाहा | | नि:शुल्क |
| १९ | नाबालक परिचयचय पत्र सिफारिस | | २०० |
| २० | चौपाया सम्बन्धी सिफारिस | ठूलो चौपाया | २०० |
| | | भेडा बाख्रा | ३० |
| २१ | व्यवसाय दर्ता सिफारिस | | ५०० |
| २२ | उद्योग ठाउँसारी सिफारिस | | १००० |
| २३ | विद्यालय ठाउँसारी सिफारिस | | ५०० |
| २४ | आन्तरिक बसाईसराई सिफारिस | | २०० |
| २५ | विद्यालय सञ्चालन स्वीकृती कक्षा वृद्धि र सिफारिस | | २००० |
| २६ | व्यक्तिगत विवरण सिफारिस र नवीकरण सिफारिस | | २०० |
| २७ | जग्गा दर्ता सिफारिस | | १००० |
| २८ | संरक्षक सिफारिस व्यक्तिगत | | २०० |
| २९ | संरक्षक सिफारिस संस्थागत | | ५०० |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | | नि:शुल्क |
| ३१ | कोठा खोल्ने कार्य रोहवरमा वस्ने सिफारिस | | २०० |
| ३२ | स्वास्थ्य उपचारको सिफारिस | | नि:शुल्क |
| ३३ | संस्था दर्ता सिफारिस | | ५०० |
| ३४ | जग्गाधनी पुर्जा हराएको सिफारिस | | २०० |
| ३५ | नाता प्रमाणित | | ३०० |
| ३६ | आर्थिक अवस्था वलियो वा सम्पन्नताको प्रमाणित | | ५००० |
| ३७ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | १०० |
| ३८ | सम्पत्ती मुल्याङ्कन सिफारिस प्रमाणित (मूल्याङ्कित रकममा प्रतिशत) | | ०.१ |
| ३९ | चार किल्ला प्रमाणित | | ३०० |
| ४० | जन्म मिति प्रमाणित | | २०० |
| ४१ | घर बाटो प्रमाणित | बाटो भएको | ३०० |
| | | बाटो नभएको | ३०० |
| ४२ | विवाह प्रमाणित | | २०० |
| ४३ | कागज र मञ्जुरीनामा प्रमाणित | | २०० |
| ४४ | हकवाला वा हकदार प्रमाणित | | २०० |
| ४५ | घर सम्पन्न सिफारिस र प्रमाणित | पक्की | १००० |
| | | कच्ची | २०० |
| ४६ | अविवाहित प्रमाणित | | ५०० |
| ४७ | अपुताली सिफारिस | | १००० |

| | | | |
|---|---|---|---|
| ४८ | अन्य सिफारिस वा प्रमाणित | | २०० |
| ४९ | घर नक्सापास दस्तुर (भुकम्प पुनर्निर्माण अनुदान अन्तर्गत निर्माण हुने घरमा २५ प्रतिशत छुट | पक्की घर प्रति वर्गफिट | ५ |
| | | कच्ची घर एकमुष्ठ | ५०० |
| ५० | नक्सा पास दरखास्त किताब बिक्री दस्तुर | | २०० |
| ५१ | सरसफाई शुल्क | मासिक | २०० |
| | | सरसफाई कार्ड | ५० |
| 52 | पर्यटन सरसफाई सेवा शुल्क प्रतिव्यक्ति प्रति पटक | नेपाली | 50 |
| | | सार्क | 100 |
| | | अन्य | 150 |
| ५३ | घटना दर्ता (घटना घटेको ३५ दिन पछि दर्ता गर्दा) | | २०० |
| ५४ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २०० |
| 55 | कार्यालयको हल भाडा प्रतिदिन | | १००० |
| 56 | मल्टिमिडिया भाडा प्रति दिन | | ५०० |
| 57 | कुर्सी भाडा प्रतिदिन प्रति गोटा | | ५ |
| 58 | घर/ भवन अभिलेखीकरण( प्रति वर्गफिट) | | ३ |
| 59 | घर नक्सा बनाउने परामर्श दाता दर्ता | | ३००० |
| 60 | "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र दस्तुर | | ५००० |
| 61 | "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र नवीकरण दस्तुर | | ३००० |
| 62 | "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्रको म्याद नाघेको छ महिना भित्र नवीकरण गरेमा नवीकरण दस्तुरमा थप हुने दस्तुर | | २००० |
| 63 | "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र प्रतिलिपि दस्तुर | | १००० |
| 64 | वित्तीय कर्जा सिफारिस (मूल्याङ्कित रकमको प्रतिशत) | | ०.२ |
| 65 | वैदेशिक अध्ययन सिफारिस(आय श्रोत) | | ०.५ |
| 66 | व्यक्तिगत घट्ना दर्ता प्रमाणपत्रको प्रतिलिपी लगायत अन्य सम्पूर्ण विषयको प्रतिलिपी वापत दस्तुर | | ५०० |
| 67 | इन्टरनेट प्रदायक संस्थाको संस्था दर्ता | | १५०० |
| 68 | इन्टरनेट प्रदायक संस्थाको नवीकरण | | ५०० |
| 69 | अन्य संस्थाको दर्ता | | १५०० |
| 70 | अन्य संस्थाहरूको नवीकरण | | ५०० |
| 71 | सूची दर्ता (विविध) | | १०० |
| 72 | कृषक समूह दर्ता शुल्क | | १०० |
| 73 | कृषि समूह दर्ता नविकरण शुल्क | | ५० |

| | | |
|---|---|---|
| 74 | मल कारोवार गर्ने विक्रेताको सूची दर्ता शुल्क | २००० |
| 75 | मल कारोवार गर्ने विक्रेताको सूची दर्ता नविकरण शुल्क | १००० |
| 76 | पालिकाबाट करार सेवामा कर्मचारी छनौटको लागि संचालन गरिने परिक्षा शुल्क | |
| | अधिकृतस्तर | १००० |
| | सहायकस्तर | ७०० |
| | श्रेणी विहीन | ४०० |

आज्ञाले
सुरेश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत